# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर :

## गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२/०९/२४)

मालारानी गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत संघीय सशर्त अनुदान तर्फको **गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकाले कार्यक्रम गर्न ईच्छुक कृषक/कृषि फर्म/उद्यमी/कृषक समूह/कृषि सहकारीले सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२/०९/३०) गते भित्र तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित कार्यालय समय भित्र निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

**गुरु किसान छनौटका लागी न्युनतम योग्यता**

१. साधारण लेखपढ गर्न सक्ने ।
२.कम्तिमा २ रोपनी जग्गामा फलफुल तथा तरकारी खेति गरिरहेको ।
३. खेती गरिएको जमिनमा सिँचाईको व्यवस्था रहेको ।
४. फलफुल तथा तरकारी खेती सम्बन्धी नविनतम प्रविधिहरु परिक्षण तथा प्रदर्शन कार्यक्रम संचालन गर्न इच्छुक ।
५. सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको ।
६. फलफुल तथा तरकारी खेती सम्बन्धी तालिम लिएको ।
७. स्वयंसेवकका रुपमा सेवा दिन र कार्य गर्ने प्रतिबद्ध रहेको ।

**आवश्यक कागजातहरु**

१. प्रस्ताव सहितको निवेदन ।
२.सम्बन्धित वडा कार्यालयको सिफारिस ।
३.नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
४.समुह/सहकारी संस्थाको हकमा निर्णयको प्रतिलिपि ।
५.समुह/सहकारी संस्थाको हकमा लेखा परिक्षण प्रतिबेदन ।
६. जग्गाको क्षेत्रफल स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।(नमुना फार्म स्थापना सहयोग कार्यक्रमको लागी न्युनतम ५ रोपनी) ।
७. दर्ता, नविकरण र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि। (निजि फर्मको/समुह/सहकारीको हकमा) ।
८. प्रतिवद्धता पत्र ।

**(कार्यक्रम संचालनका अन्य पक्षहरु प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ बमोजिम हुनेछ) ।**

२०८२/९/२४
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत